थलारा गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मिति २०८३ साल असार १३ गते

भाग -१

# थलारा गाउँपालिकाको पशुपन्छीको व्यवस्थापन तथा कल्याण गर्न बनेको ऐन, २०८३

गाउँ सभामा पेश मितिः २०८३/०३/०८

गाउँ सभामा पारित मितिः २०८३/०३/१२

प्रमाणिकरण मितिः २०८३/०३/१३

**प्रस्तावना**

पशुपन्छीको संख्या व्यवस्थापन गर्न, संक्रामक रोग नियन्त्रण गर्न, घरपालुवा पशुपन्छीको स्वास्थ्यसँगै जोडिएर आउने जनस्वास्थ्यसँग सम्बन्धीत सरोकारको संवोधन गर्न, पशुपन्छी माथी हुने क्रुर अमानविय क्रियाकलाप नियन्त्रण गरी दण्डित गर्न र पशुपन्छीको कल्याण प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

थलारा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "थलारा गाउँपालिकाको पशुपन्छी व्यवस्थापन तथा कल्याण ऐन, २०८३ रहेको छ।

(२) यो ऐन थलारा गाउँपालिका भर लागु हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गाउँपालिका" भन्नाले थलारा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "निरीक्षक" भन्नाले ऐनको दफा ३७ बमोजिमका निरीक्षक सम्झनु पर्छ।

(ग) "पशुधनी" भन्नाले पशुको स्वामित्व वा भोगाधिकार भएको प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्दछ र सो शब्दले त्यस्तो व्यक्तिद्वारा पशुको हेरचाह वा व्यवस्थापन गर्न खटाएको अन्य व्यक्तिलाई समेत जनाउँछ।

(घ) "पशु चिकत्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद्ले दर्ता किताबमा नाम दर्ता भएका पशु चिकित्सक सम्झनु पर्छ।

(ङ) "संरक्षित पशुपन्छी" भन्नाले ऐनको दफा ३५ बमोजिमका पशुपन्छीलाई सम्झनु पर्छ।

(च) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टाछुट्टै राख्ने काम सम्झनु पर्छ।

(छ) "संक्रामक रोग" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले वा थलारा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी संक्रामक भनी तोकेका रोगहरुलाई जनाउँछ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐनको अधिनमा रही थलारा गाउँपालिकाले तोकेका अन्य कार्यहरु सम्झनु पर्छ।

परिच्छेद-२

## पशुपन्छीको वर्गीकरण

३. **मनुमित्रका रुपमा पालिएका पशुपंक्षीः** (१) कुकुर र बिरालोलाई मनुमित्रका रुपमा पालिएका पशुपन्छी मानिनेछ।

(२) मनुमित्रका रुपमा पालिएका पशुपन्छीको बध गर्न पाइने छैन।

स्पष्टिकरणः यस उपदफामा लेखिएको कुनै कुराले दफा ३६ बमोजिमको अवस्थामा मनुमित्रका रुपमा पालिएका पशुपन्छीको करुणावध गर्न रोक लगाएको मानिने छैन।

४. **पशुपालनका लागि प्रयोग भएका पशुपन्छी सम्बन्धी व्यवस्थाः** पशुपन्छीजन्य उत्पादन प्राप्तिका लागि पालिएका पशुपन्छीलाई पशुपालनका लागि पालिएका पशुपन्छी मानिनेछ।

५. **श्रम कार्यका लागि पालिएका पशुपन्छी सम्बन्धी व्यवस्थाः** कुनै श्रमजन्य कार्यमा लगाउनको लागि पालिने पशुपन्छीलाई श्रम कार्यका लागि पालिएका पशुपन्छी मानिनेछ।

## परिच्छेद- ३
## पशुपन्छीको दर्ता

६. **पशुपन्छीको दर्ता गर्नुपर्नेः**

(१) प्रत्येक पशुपन्छी धनीले आफूले पालेका पशुपन्छीको दर्ता निशुल्क रुपमा नजिकको वडामा गर्न सक्नेछन्। तर पशुपन्छी दर्ता नगरेकै आधारमा पशुपालन गर्न नपाइने वा पशुपन्छी पालन अवैधानिक हुने वा पशुपन्छी धनीलाई कुनै दण्ड जरिवाना गरिने छैन्।

(२) पशुपन्छीसँग सम्बन्धित भई अनुदान वितरण गर्दा उपदफा (१) बमोजिम पशुपन्छी दर्ता गर्ने पशुपन्छी धनीलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्बन्धीत पशुपन्छी धनी, पशुपन्छीको दर्ता गर्न नआएमा वडा स्तरीय पशुपन्छी व्यवस्थापन समिति स्वयंले समेत पशुपन्छीको दर्ता गर्न सक्नेछ।

(४) सम्बन्धीत वडाले घरपालुवा पशुपन्छीको दर्ता गर्दा त्यस्तो पशुपन्छीको प्रजाति, उमेर, लिङ्ग खुल्ने गरी पशुपन्छीको वर्गिकरण गरी दर्ता गर्नुपर्नेछ। यस्तो दर्ता प्रत्येक नयाँ आर्थिक वर्षमा नविकरण र अद्यावधिक गर्नुपर्नेछ।

(५) सडकमा छोडिएका वा स्वामित्व विहिन घरपालुवा पशुपन्छीको संख्या गणना र दर्ता सम्बन्धीत वडा स्वयंले गर्नुपर्नेछ।

(६) मन्दिर, सार्वजनिक स्थल र मानव वस्ति वरपर नियमित रुपमा बस्ने बाँदरको समेत संख्या गणना र दर्ता सम्बन्धीत वडाले गर्नुपर्नेछ।

(७) सम्बन्धीत वडाले प्रत्येक वर्ष आफ्नो वडामा दर्ता गरिएका पशुपन्छीको अध्यावधिक विवरण पुष मसान्त भित्र गाउँपालिका कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

(८) गाउँपालिका कार्यपालिकाको कार्यालयले मातहतका वडाहरुमा दर्ता गरिएका पशुपन्छीको एकमुष्ट विवरण माघ महिना भित्र तयार गरी प्रदेश सरकारको पशुपन्छी मामिला हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-४
## पशुपन्छी धनी वा स्वामित्वकर्ताको दायित्व

७. **पशुपन्छी धनीको दायित्व:** पशुपन्छी प्रति सम्बन्धित पशुपन्छी धनीको दायित्व देहाय बमोजिम हुनेछ,

(क) पशुपन्छीलाई लाग्ने सामान्य रोगव्याधिको लक्षण र रोकथामको बारेमा आवश्यक जानकारी राख्नु पर्ने,

(ख) पशुपन्छी बिरामी भए दर्तावाल पशु चिकित्सक वा आधिकारिक व्यक्तिको परामर्श बमोजिम उपचारको व्यवस्था मिलाउनु पर्ने,

(ग) पशुपन्छीलाई सरुवा रोग विरुद्ध लगाउनु पर्ने अनिवार्य खोप आवधिक रुपमा लगाउने व्यवस्था गर्ने,

(घ) पशुपन्छीबाट अन्य व्यक्तिको जीउ ज्यान माथी पर्न सक्ने खतरा र सम्पत्ती नोक्सान हुनबाट जोगाउन आवश्यक तयारी र तत्परता अपनाउनुपर्ने,

(ङ) पशुपन्छीले गरेको हानी नोक्सानीको देवानी दायित्व अन्तर्गत क्षतिपूर्ति व्यहोर्ने,

(च) पशुपन्छीले गरेको फोहोर र मलमुत्रको सुरक्षित हिसाबले बिसर्जन गर्ने व्यवस्था मिलाउने,

(छ) पशुपन्छीप्रति हुने निर्दयी व्यवहारको रोकावट गर्ने र पशुकल्याण सम्बन्धी व्यवस्थाको सुनिश्चित गर्ने

(ज) आफूले पालेको पशुपन्छीलाई सम्बन्धीत वडामा दर्ता गर्ने,

(झ) आफूले पालेका पशुपन्छीले जन्माएका सन्तानको हेरचाह र व्यवस्थापन गर्ने,

(ञ) पशुपन्छी धनीको अन्य दायित्व तोके बमोजिम हुनेछ।

८. **पशुपक्षंको आश्रय,दानापानी र बाध्ने तथा थुन्ने सम्बन्धी व्यवस्था :**

(१) पशुपन्छीलाई राखिने गोठ,खोरवा अन्य स्थान समथर, सफा, सुख्खा, प्रकाश छिर्ने र हावा आवतजावत गर्न सक्ने हुनु पर्नेछ।

(२) पशुलाई उठ्न,बस्न र घुम्न पुग्ने गरी बाँध्ने वा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(३) पशुपन्छी आवश्यकता अनुसार सन्तुलित आहारा उपलब्ध गराउनु पर्नेछ। पशुपन्छीलाई दिनको कम्तिमा दुइपटक पर्याप्त मात्रामा सफा पिउने पानी उपलब्ध गराउनु पर्नेछ।

(४) पशुलाई नियन्त्रण गर्न प्रयोग गरिने दाम्लो, डोरी वा पट्टी जस्ता सामाग्रीहरु घाउ चोट नलाग्ने र पीडा नहुने हुनु पर्नेछ।

## परिच्छेद- ५

## पशुप्रति निर्दयी व्यवहार भएको ठहरिने

९. **पशुपन्छी प्रति निर्दयी व्यवहार भएको ठहरिने:**

(१) सामान्यतया पशुपालन गर्दा वा व्यवसायिक रुपमा पशुपालन गर्दा वा भारवहन वा श्रमजन्य लगायतका अन्य काममा पशुको प्रयोग गर्दा वा अन्य सामान्य अवस्थामा पशुपन्छी उपर देहाय बमोजिमका कार्य गरे, गराएमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ;

(क) पशुलाई कोर्रा, चक्कु,बञ्चरो,पासो, विद्युतिय करेन्ट,खुर्सानीको धुलो लगायतका वस्तुको प्रयोग गरी पीडा दिने,

(ख) पशुलाई घाउ चोट वा पीडा हुने गरी फाल्सन लगाउने (हथ्लिङ्ग), घाउ चोट हुने गरी नाक वा खुट्टा बाँध्ने वा झुण्डाउने,

(ग)पुच्छर बटार्ने वा भाँच्ने,

(घ)अङ्गभङ्ग गर्ने,

(ङ) नवजात पशुलाई मार्ने नियतले सुकेनास गराउने,भोकै राख्ने, अजीर्ण बनाउने वा फाल्ने लगायतका कार्य गर्ने,

(च) पशुलाई घाउ चोट लाग्ने वा पीडा हुने गरी हिर्काउने,

(छ) बिरामी वा घाइते पशुको उपचार नगर्ने,

(ज) कुनै पनि पशुपन्छीलाई जोखिमपूर्ण सर्कसमा प्रयोग गर्ने वा सर्कसमा अभिनयका लागि यातना दिएर तालिम दिने,

(झ) छाडा छाड्ने ।

१०. **निर्दयी व्यवहार गरेको नमानिनेः** देहायको अवस्थामा पशुप्रति निर्दयी व्यवहार भएको मानिने छैन।

(क) दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले कानूनले तोके बमोजिम वा स्वीकृत कार्यविधि अनुसार सिंङ काट्न,खसी पार्न, खुर काट्न,स्वास्थ्यपरीक्षण गर्न,शल्यचिकित्वा वा स्वास्थोउपचार वा अन्य कार्यहरु गर्न ।

(ख) उपचार नहुने रोग लागेको वा अन्य कारणले अङ्गभङ्ग भई पीडाग्रस्त अवस्थामा रहेको पशुलाई त्यस्तो पीडाबाट मुक्त गर्न आवश्यक देखिएमा, पशु स्वास्थ्य, जनस्वास्थ्य संरक्षण र जनसुरक्षाको कारण वा अन्य कारणले पशुलाई नपक्री नहुने भएमा र उपचार नहुने रेविज जस्ता रोग लागेर वध गर्नैपर्ने अवस्था भएको भन्ने ठहर गरेमा दर्तावाल चिकित्सकको सुपरिवेक्षणमा तोकिए बमोजिमको मानवीय तरीका अपनाएर पशुलाई नियन्त्रणमा लिन वा करुणा मृत्यु दिने क्रियाकलाप गर्न ।

११. **जीउदै उमालेर तथा पकाएर खान नपाइनेः**

(१) कुनै पनि पशुपन्छी लगायत किरा फट्याङ्ग्रालाई जीउदै उमालेर तथा पकाएर खान पाइनेछैन।

(२) उपदफा (१) बमोजिमको कार्यलाई पनि पशुपन्छी प्रति गरिएको निर्दयी व्यवहारको रुपमा लिइनेछ।

१२. **पशुपन्छी माथि गरिने वैज्ञानिक अनुसन्धानः**

(१) पशुपन्छीको स्वास्थ्य र सामान्य कल्याणमा नकरात्मक प्रभाव पार्ने किसिमका वैज्ञानिक अनुसन्धान र प्रयोग सम्बन्धित निकायको अनुमति नलिई गर्न पाइने छैन।

(२) केवल मनोरञ्जन प्रयोजनका लागि पशुपन्छीलाई त्यस्तो पशुपन्छीको स्वास्थ्य तथा कल्याणमा जोखिम हुने प्रकारका वैज्ञानिक अनुसन्धानमा प्रयोग गर्न पाइने छैन।

(३) पशुपन्छी माथि गरिने वैज्ञानिक अनुसन्धान संभव भएसम्म कम पीडादायी हुने र पशुपन्छीको कल्याणमा कम असर गर्ने गरी गर्नुपर्नेछ।

(४) वैज्ञानिक अनुसन्धानमा प्रयोग भएका पशुपन्छीलाई अनुसन्धान प्रयोजन समाप्त भएपछि पुर्नस्थापना गर्न जनस्वास्थ्य र पशुस्वास्थ्यको दृष्टिले सुरक्षित छ र त्यस्तो पशुपन्छीको पुनर्स्थापना गरी कल्याण अभिवृद्धि गर्न संभव छ भने पशुपन्छी आश्रय स्थल वा अन्य कुनै सुरक्षित स्थानमा संरक्षण र पालन गरि राख्न सकिनेछ।

१३. **पशुपन्छीलाई सडकमा छाड्न नपाइनेः** आफूले पालेको मनुमित्र, श्रम प्रयोजनका लागि पालेको पशु र पशुजन्य उत्पादनका लागि पालेको पशुलाई सडकमा वा अन्त कतै वेवारिसे हुने गरी छोड्न पाइने छैन।

## परिच्छेद-६
## पशुपन्छीका लागि न्यूनतम प्रत्याभुती र अधिकार

१४. **पशुपन्छीका लागि न्यूनतम प्रत्याभूति र अधिकारः**पशुपन्छीका लागि कम्तिमा देहाय बमोजिमको न्यूतम प्रत्याभूति र अधिकार प्राप्त हुनेछन्-

(क) भोक, तिर्खा र कुपोषणबाट स्वतन्त्रता

(ख) डर तथा पीडाबाट स्वतन्त्रता

(ग)शारीरिक तथा उष्णीय वा तापीय असहजताबाट स्वतन्त्रता

(घ)पीडा, चोटपटक र रोगबाट स्वतन्त्रता

(ङ) आफ्नो प्राकृतिक स्वभाव अभिव्यक्त गर्ने स्वतन्त्रता

१५. **पशुपन्छीले माउँसँग व्यतित गर्न पाउनुपर्ने न्यूनतम समयावधीः** माउँ पशुपन्छीले पाएको चल्ला, पाडा, पाडी र छाउरालाई न्यूनतम गर्भमा रहदा व्यतित गरेको अवधिको आधा अवधी आफ्नै माउसँगै व्यतित गर्न दिनु पर्नेछ।

१६. **पशुबध सम्बन्धी व्यवस्थाः**(१) प्रचलित नेपाल कानूनले प्रतिवन्ध लगाएका पशुपन्छीको बध गर्न निषेध गरिएको छ।

(२) प्रचलित कानूनले बध गर्न प्रतिबन्ध नलगाएका पशुपन्छीको बध गर्ने सम्बन्धमा देहायको व्यवस्थाको पालना गर्नुपर्नेछ।

(क) धार्मिक वा स्वास्थ्यजन्य प्रयोजन बाहेक अन्य अवस्थामा पशुपन्छीले न्यूनतम समयावधी बाच्न पाउन र पशुजन्य उत्पादनमा पनि वृद्धि होस भन्ने प्रयोजन सहित कुनै पनि पशुपन्छी आमाको गर्वमा हुर्कन लाग्ने अवधि बराबरको समय जन्मिए पछि व्यतित नगरुञ्जेल त्यस्तो पशुपन्छीको बध गर्न रोक लगाइएको छ।

(ख) एउटै प्रजातिको एउटा पशुपन्छीको वध गरेको सोही प्रजातीको अर्को पशुपन्छीले देख्ने गरी वध गर्न पाइने छैन।

(ग)पशुपन्छीलाई लामो समय लाग्ने र अत्यधिक पीडा हुने विधि प्रयोग गरेर बध गर्न पाइने छैन। पशुपन्छीको बध गर्दा सम्भव भएसम्म कम पीडा हुने गरी बध गर्नुपर्नेछ।

१७. **पशुपन्छीको स्वास्थ्यमा असर पर्ने गरी आनुवांशिक परिवर्तन गर्न नपाइनेः** कुनै पनि पशुपन्छीको अनुहार वा शारीरिक स्वरुप परिवर्तन हुने वा स्वास्थ्यमा नकरात्मक असर पर्ने गरी आनुवंशिक परिवर्तन गर्न पाइने छैन।

तर दुध तथा मासुजन्य उत्पादन वृद्धीका लागि पशुपन्छीको स्वास्थ्यमा नकरात्मक प्रभाव नपर्ने गरी सञ्चालन गरिने नश्ल सुधार कार्यलाई यस दफाको प्रयोजनका लागि आनुवंशिक परिवर्तन मानिने छैन।

## परिच्छेद- ७

## पशुपन्छीबाट भएको हानी नोक्सानीको सम्बन्धमा व्यवस्था

१८. **पशुपन्छीले गरेको हानी नोक्सानी वापतको क्षतिपूर्तिः** आफूले पालेको वा आफ्नो नियन्त्रणमा रहेको पशुपन्छीले कसैलाई पुर्याएको हानी, नोक्सानी वापतको क्षतिपूर्ति देवानी दायित्वका रुपमा पशुपन्छी धनीले व्यहोर्नु पर्नेछ।

१९. **कुकुरले टोकेमा वा झम्टेमाः** (१) कुनै व्यक्तिले पालेको कुकुरले कसैलाई टोकेमा, झम्टेमा वा घाइते बनाएकोमा सम्बन्धित पशुपन्छी धनीले त्यस्तो कार्यबाट पीडित भएको व्यक्तिको उपचार खर्च तथा रेबिज र टिटानस विरुद्धको खोप लगाउदा लाग्ने खर्च व्यहोर्नु पर्नेछ। पशुपन्छी धनीको हेलचेक्राइँ वा लापरवाहीकै कारण कुकुरले कुनै व्यक्तिलाई टोकेको पुष्टी भएमा पशुपन्छी धनीलाई अधिकतम दश हजार रुपैयाँसम्म थप क्षतिपूर्ति तिर्न लगाउन सकिनेछ।

तर कसैको घर कम्पाण्डमा गैरकानूनी तवरले प्रवेश गर्न लाग्दा वा प्रवेश गर्दा वा चोरी वा डकैती गर्दा वा कुनै स्थानमा गैरकानूनी क्रियाकलाप गर्ने क्रममा वा गरेर भाग्दाको अवस्थामा कुकुरले कसैलाई टोकेमा, झम्टेमा वा

घाईते बनाएको अवस्थामा यस दफा बमोजिमको उपचार खर्च र क्षतिपूर्ति व्यहोर्ने दायित्व पशुपन्छी धनीलाई हुनेछैन् ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति रकम निर्धारण गरी पशुपन्छी धनीबाट असुलउपर गर्ने र पीडितलाई उपलब्ध गराउने तथा पीडित भएको व्यक्तिको उपचार खर्च तथा रेबिज र टिटानस विरुद्धको खोप लगाउदा लाग्ने खर्च पशुपन्छी धनीलाई व्यहोर्न लगाउने जिम्मेवारी वडा स्तरीय पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिको हुनेछ ।

२०. **पशुपन्छीले गरेको फोहोरको व्यवस्थापन**:(१) पशुपन्छी धनीले पशुपन्छीले गरेको फोहोर र पशुपन्छीले विष्टाउदा निस्कने मलमूत्रको सुरक्षित ढङ्गले बिसर्जन र व्यवस्थापन गर्नुपर्नेछ ।

(२)पशुपन्छी धनीले घरपालुवा पशुपन्छीलाई सडक,बाटोघाटो, सार्वजनिक चउर वा अन्य व्यक्तिको स्वामित्व भएको जग्गामा विष्टाउन लग्न पाउने छैन साथै यदि पशुपन्छीले विष्टाएको रहेछ भने पनि तुरुन्तै सफा गर्नुपर्नेछ ।

## परिच्छेद- ८
## पशुपन्छीको ढुवानी सम्बन्धी व्यवस्था

२१. **पशुपन्छीको ढुवानीको तरिका:**(१)पशुपन्छीलाई पैदलै हिडाएर वा सवारी साधनमा राखेर ढुवानी गर्न सकिने छ ।

(२)बाह्य मुलुकबाट पैठारी भई आएको पशुको ढुवानी गर्दा क्वारेन्टाइन अधिकृतबाट जारी गरिएको सक्कल क्वारेन्टाइन प्रमाणपत्र पशुपन्छी धनी वा ढुवानीकर्ताको साथमा हुनु पर्नेछ ।

(३) पशुपन्छीको ढुवानी गर्दा देहाय बमोजिमका शर्तहरुको पालना गर्नुपर्नेछ;

(क) कसैले पनि शरीरको कुनै पनि भागमा खुसार्नी वा यस्तै अन्य कुनै पीडादायक पदार्थ लगाएर पशुलाइ यातना दिन,लघार्न , अत्याउन वा दौडाएर ढुवानी गर्न हुँदैन ।

(ख) रोगी, घाइते र सुत्केरी वेथा लाग्न सक्ने अवस्थामा भएका गर्भवती पशु, नाल सुकि नसकेका नवजात, सात दिन भित्रका सुत्केरी पशुहरुलाई उपचार गराउने प्रयोजन बाहेक ढुवानी गर्न हुदैन।

(ग)पैदल पशु ढुवानी गर्दा दैनिक बार्ह घण्टाभन्दा बढी हिडाउनु हुँदैन ।

(घ)पशुपन्छीलाई सवारी साधनमा राखेर ढुवानी गर्दा हलचल गर्न सकिने, सहज हिसाबले सास फेर्न सकिने, घाउ चोट नलाग्ने, अत्यधिक चिसो वा तातोबाट बचाई, एक आपसमा ठोक्किएर अंगभंग नहुने गरी सावधानी पूर्वक ढुवानी गर्नु पर्नेछ ।

(ङ) सवारी साधनबाट पशुपन्छीको ढुवानी गर्दा हरेक सवारीसाधनमा पशु पठाउने र पाउनेको नाम, ठेगाना,पशुको जात तथा संख्याको विवरण प्रष्ट देखिने गरी साथमा राखिएको हुनु पर्नेछ।

(च) अप्ठेरो बाटोमा अध्यारो समयमा पशुलाई पैदल ढुवानी गर्नु हुंदैन।

(छ) ढुवानी अवधिभर घाँस पराल र दाना पानीको पर्याप्त व्यवस्था गरेको हुनु पर्नेछ।

(ज) लामो समयसम्म पशु ढुवानी गर्नु पर्दा कम्तीमा प्रत्येक छ घण्टाको फरकमा कम्तिमा आधा घण्टा ढुवानीको साधन रोकी पशुलाई आराम गराउने र दाना पानी दिनु पर्नेछ।

(झ) दुहुना गाई भैंसीलाई दिनमा दुई पटक दुहुने र पाडा/पाडी बाच्छा/ बाच्छीलाई कम्तिमा दुई पटक पर्याप्त दुध पिउन दिनु पर्नेछ।

(ञ) पशुपन्छीको ढुवान गर्ने प्रयोजनाका लागि गाडी हांक्दा नउफारीकन,एक्कासी नरोकिने गरी र घुम्तीहरुमा विशेष ध्यान पुर्याएर एकनासले हाक्नु पर्नेछ। पक्की बाटोमा अधिकतम गति चालिस किलोमिटर प्रति घण्टाको आसपासमा हुनु पर्नेछ।

(ट)शारिरीक वनोट फरक फरक हुने विभिन्न जातका पशुलाई एउटै गाडीमा राखेर ढुवानी गर्नु हुंदैन।

(ठ)छ हप्ता भन्दा कम उमेरका पाडा-पाडी, बाच्छा बाच्छीलाई माउसँगै एउटै गाडीमा छुट्टै क्रेटमा राखेर ढुवानी गर्नु पर्छ।

(ड)ढुवानी गर्ने गाडीमा पशुलाई अस्वाभाविकरुपमा नाकमा नाके डोरी बाध्ने, पुच्छर र खुट्टा बाध्ने गर्नु हुदैन। तर पशुलाई घाउचोट नलागोस भनी सामान्य रुपमा यातना नहुने गरी बाँध्न सकिनेछ।

(ढ)ढुवानी सम्पन्न भएपछि ढुवानी साधनमा प्रयोग भएका सोत्तर पूर्ण रुपमा निःसंक्रमण गर्नु पर्नेछ वा जलाउनु पर्नेछ र ढुवानी साधनलाई पुनः प्रयोगमा ल्याउदा निःसंक्रमण गरेर मात्र प्रयोग गर्नु पर्नेछ।

(ण) लामो दुरीबाट पशुढुवानी गर्दा बीच बाटोमा कुनै पशु मर्न गएमा तत्काल त्यसको जानकारी नजिकको क्वारेन्टाइन कार्यालय वा जिल्ला पशुसेवा कार्यालय वा पशु सेवाकेन्द्र/उपकेन्द्रलाई दिनु पर्नेछ। यात्राको क्रममा मरेका पशुलाई मानव बस्ती तथा पानीको श्रोत भन्दा टाढा उपयुक्त जमिनमा खाल्डो खनी गाड्न पर्नेछ। हवाई यातायातबाट ढुवानी गर्ने पशुपन्छीहरुको हकमा अन्तर्राष्ट्रिय हवाई सेवा संघले तोके बमोजिम हुनेछ।

(त)पशुपन्छी ढुवानी गर्दा आकस्मिक उपचारको लागि प्राथमिक उपचार सामग्री ढुवानी साधनमा रहनु पर्नेछ।

(थ) पशुपन्छी ढुवानी गर्दा गाडीमा पर्याप्त हावाको आवागमन हुने व्यवस्था मिलाउनु पर्नेछ।

(द) पशुपन्छी ढुवानी गर्दा बीच बाटोमा पशुपन्छीलाई सवारीसाधनबाट ओरालेर रात बिताउने वा आराम गर्ने स्थानमा राख्नु पर्दा पशुपन्छीलाई दाना पानीको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(ध) ढुवानी गर्ने सवारी साधनमा कुनै पशुपन्छी उठ्नै नसक्ने अवस्थाको छ भने वा घाइते छ भने त्यस्तो पशुलाई समय समयमा ओल्टाई पल्टाई गर्नु पर्नेछ।

(न) सवारी साधनमा राखी लामो दुरीसम्म पशुपन्छीको ढुवानी गर्नुपर्दा हेरबिचार गर्न एक व्यक्तिको व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद- ९

## पशुपन्छीलाई श्रममा लगाउने सम्बन्धी व्यवस्था

२२. **श्रममा लगाउन सकिने:**

(१) दफा ५ बमोजिम श्रम कार्यका लागि पालिएका पशुपन्छीलाई ऐन बमोजिम पशु कल्याण सुनिश्चित हुने र निर्दयी व्यवहार नहुने गरी भारवहन,भार तान्ने वा अन्य श्रमजन्य काममा लगाउन सकिनेछ।

(२) आमाको गर्वमा हुर्कन लाग्ने अवधिको कम्तिमा दुई गुणा अवधी उमेर नपुगेका पशुपन्छीलाई कुनै पनि श्रमजन्य काममा लगाउनु हुँदैन।

(३) लङ्गडोपन, गहिरो वा ठूलो घाउँ भएको, जलवियोजन वा अन्धोपन भएको, रोगी भएको, सिताङ्ग भएको,ज्वरो आएको वा रोगका अन्य लक्षण देखिएका पशुलाई काममा लगाउन हुँदैन।

(४) गर्भवती पशुलाई उसको गर्भधारण गरेदेखि बच्चा जन्माउन लाग्ने अवधिको आधा अवधी देखि सुत्केरी भए पश्चात समेत सोही अनुसारको समायवधि सम्म काममा लगाउन हुँदैन।

(५) उपचारको क्रममा रहेको पशुलाई निको भए पश्चात मात्र पुनः काममा लगाउन सकिनेछ।

(६) देहायको अवस्थामा पशुलाई काममा लगाउनु हुँदैन।

क) प्रचण्ड गर्मी, चर्को घाम,अविरल वर्षा, आँधिवेहरी, हिमपात तथा चट्याङ् जस्ता प्राकृतिक विपद् भैरहेको प्रतिकूल मौसम रहेका अवस्थामा

ख) पशुको ज्यानै जान सक्ने उच्च जोखिम हुने अप्ठयारो कार्यस्थल तथा प्रतिकूल समयमा

२३. **पशुपन्छीलाई काममा लगाउदा अपनाउनु पर्ने सावधानी:** पशुलाई काममा लगाउदा देहाय बमोजिमका सावधानी अपनाउनु पर्नेछ :

(क) पशुको उमेर, आहार, विकासको चरण, शारीरिक तन्दरुस्ति,स्वास्थ्यस्थिति र सक्षमताका आधारमा काममा लगाउनु पर्नेछ।

(ख) फरक फरक शारीरिक अवस्था भएका भिन्न प्रजातिका पशुलाई एकैसाथ एकै तवरले काममा लगाउनु हुँदैन।

(ग)पशुधनीले पशुलाई काममा लगाउनु अघि र काम सकिएपछि नियमित रुपमा पशुको नाल,खुट्टा, काँध, जोर्नी, पिठ्यूँ लगायतका सबै भागको नियमित रुपमा निरीक्षण गरी चोटपटक लागेको भए उचित ओषधोपचार गर्नु पर्नेछ।

(घ)पशुमा भारवहन सामाग्रीको प्रयोग गर्दा त्यस्तो सामान तिखो, धारिलो वा चुच्चो परेको हुनु हुँदैन।

(ङ) पशुलाई भारवहन सामाग्री लगाउँदा चोटपटक र घाउ गराउने, श्वास प्रश्वास, रक्त सञ्चार वा शरीर सञ्चालनमा बाधा पुर्याउने खालको हुनु हुँदैन।

(च) भारीको बोझ पशुको शरीरको कुनै एक विन्दुमा मात्र नपरी समान रुपमा पर्ने गरी ध्यानपूर्वक बाँधिएको हुनु पर्नेछ।

(छ) गाडा,बग्गी वा टाँङ्गाका चक्काहरु एकै नासको हुनु पर्नेछ।

२४. **कार्यवोझ सम्बन्धी व्यवस्थाः** कार्यबोझ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ,

(क) दिनमा अधिकतम ८ घण्टा भन्दा बढी समय काममा लगाउनु हुँदैन।

(ख) पशुलाई हप्तामा कम्तिमा एक दिन आराम गर्न दिनु पर्नेछ।

(ग)पशुको शारीरिक तौलको तेत्तीस प्रतिशत भन्दा अधिक भार बोकाउन पाइने छैन।

(घ)एकल रुपमा भार तान्ने काममा लगाउदा पशुको शरीरको दुई गुणा भन्दा अधिक भार तान्नु पर्ने गरी काममा लगाउन पाइने छैन्। संयुक्त रुपमा भार तान्ने काममा पनी अधिकतम सोही अनुपातमा नबढने गरी मात्र भार तान्ने गरी काममा लगाउन पाइनेछ।

(ङ) भरखर काममा लगाइएको, बुढो र गर्भवती पशुलाई उनीहरुको अवस्था अनुसर कार्यबोझ कम गर्नु पर्नेछ।

(च) ज्यादै गर्मी, ठण्डी या प्रतिकुल मौसम र धपेडी परेको अवस्थामा कार्यभार घटाउनु पर्नेछ।

(छ) पशुले भारी बोकेर लरखराउने वा भार बोक्न वा काम गर्न नसकेको असामान्य लक्षण देखाएमा तुरुन्तै काम गराउन रोक्नु पर्नेछ। सो पशु ठिक भए पश्चात पुनः काममा लगाउदा साबिकको भन्दा कार्यबोझ कम गर्नु पर्नेछ।

(ज) भारवहन वा अन्य काममा प्रयोग भएको पशुलाई काममा लगाउँदा हरेक ३ घण्टामा काम रोकी दानापानी उपलब्ध गराउनु पर्नेछ र कम्तिमा १५ मिनेट आराम गर्न दिनु पर्नेछ।

२५. **पशुपन्छीलाई श्रममा लगाउने अधिकतम उमेर हद:** कुनै पनि पशुपक्षींलाई उक्त पशुपन्छीको औषत आयु भन्दा बढी उमेर अवस्था सम्म काममा लगाउन पाइने छैन।

२६. **पशुपन्छीको निवृतभरण :**(१) श्रम कार्यमा प्रयोग भई श्रम गर्ने उमेरहद पार गरेका वा दुग्धजन्य वा अन्य पशुजन्य उत्पादन दिने प्रयोजनका लागि पालिएका पशुपन्छी वृद्ध उमेरका कारण त्यस्तो दुग्ध जन्य वा पशुजन्य उत्पादन दिन असमर्थ भएमा त्यस्ता पशुपन्छीलाई निवृत पशुपन्छी मानिनेछ।

(२) निवृत भएका पशुपन्छीको हेरचाह तथा व्यवस्थापन गर्नु सम्बन्धीत पशुधनीको दायित्व हुनेछ।

(३) निवृत भएका पशुपन्छीलाई पशु आश्रय स्थलमा राख्न सकिनेछ।

## परिच्छेद- १०

## पशुपन्छीको उपचार तथा संक्रामक रोग सम्बन्धी व्यवस्था

२७. **पशुपन्छीको उपचार सम्बन्धी व्यवस्था :**(१) पशुपन्छीको स्वास्थोपचार र अन्य व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ।

(क) पशुले सामान्य भन्दा फरक व्यवहार देखाएमा पशुपन्छी धनीले तत्काल नजिकको पशु चिकित्सक वा अन्य आधिकारिक व्यक्ति वा निकायमा सम्पर्क गरी प्राप्त निर्देशन बमोजिम गर्नु पर्नेछ।

(ख) पशु चिकित्सक वा आधिकारिक व्यक्तिको परामर्शमा पशुलाई आवश्यकता अनुसार परजीवी विरुद्धको ओषधी, खोप र ओषधोपचार गर्नु पर्नेछ र यसरी गरिएको कार्यको अभिलेख राख्नु पर्नेछ।

(ग)रोगव्याधी सर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै रोगको स्रोत र रोग फैलिने मार्गमा नै रोकथाम तथा नियन्त्रण गर्न पशु धनीले जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्नु पर्नेछ।

(घ)पशुको साथमा हुने पशुधनीसँग पशुको आकस्मिक उपचारको लागि प्राथमिक उपचार सामाग्री हुनुपर्नेछ।

२८. **खोप र संक्रामक रोग सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिका कार्यपालिकाको कार्यालयले घरपालुवा पशुपन्छीलाई सरुवा रोग विरुद्ध अनिवार्य दिनु पर्ने भनी तोकेका खोप पशुपन्छी धनीले आफूले पालेका पशुपन्छीलाई आवधिक रुपमा लगाउने व्यवस्था गर्नुपर्नेछ।

(२) गाउँपालिका कार्यपालिकाको कार्यालयले घरपालुवा पशुपन्छीलाई सरुवा रोग विरुद्ध अनिवार्य दिनु पर्ने भनी तोकेका खोप स्वामित्व विहिन घरपालुवा पशुपन्छीलाई आवधिक रुपमा लगाउने सम्बन्धमा वडा समितिले आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ।

(३) पशुधनीले कुनै पशुमा संक्रामक वा अन्य रोगको शंङ्का लागेमा वा रोग लागेको थाहा भएमा त्यस्ता पशुलाई बथाबनाट अलग्गै राखी नजिकको पशु सेवासँग सम्बन्धित निकायमा तत्काल सूचना गर्नु पर्नेछ। पशुपन्छी धनीले पशुपन्छीमा लागेको संक्रामक रोग लुकाएकै कारण अन्यत्र पनि त्यस्तो संक्रामक रोग फैलन सक्ने वा फैलिएर महामारीको रुप धारण गरेमा त्यस्तो कार्य दण्डित हुनेछ।

(४) उपदफा (१) बमोजिम अलग्गै राखिएका पशुपन्छीलाई पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षणको लागि पठाउने र रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(५) पशुधनीले कुनै पशुमा संक्रामक रोग लागेको थाहा भएमा वा शंङ्का भएमा उक्त तथ्य लुकाएर पशुपन्छी र पशुपन्छीजन्य उत्पादन कसैलाई बेचबिखन गर्न हुँदैन्।

(६) संक्रामक रोगको रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले दिएको निर्देशन बमोजिम काम कारवाही गर्नु पशुपन्छी धनीको कर्तव्य हुनेछ।

(७) पशुपन्छीमा देखिने संक्रामक रोग नियन्त्रण र उपचार गर्दा संभव भएसम्म पशुपन्छीलाई कम पीडा हुने गरी पशुपन्छीको उपचार र व्यवस्थापन गर्नु पर्नेछ।

## परिच्छेद- ११

## पशुपन्छीको उपचार, उद्दार र आश्रय स्थल सम्बन्धी व्यवस्था

२९. **उद्दार र उपचार गर्नुपर्नेः**

(१) सडक र अन्य स्थानमा बिरामी र घाइते अवस्थामा रहेका पशुपन्छीको उद्दार गर्नु समर्थ पक्ष सबैको दायित्व हुनेछ।

(२) बाढी, पहिरो, भुकम्प लगायतका प्राकृतिक प्रकोपको बेलामा मानिस पछि उद्दार र उपचारका लागि दोस्रो प्राथमिकता जीवित पशुपन्छीलाई दिनुपर्नेछ।

(३) नजिकै पानीको खुल्ला स्रोत नभएको स्थानहरुको सार्वजनिक पार्क र खुल्ला स्थानमा पंक्षीहरुका लागि संभव भएसम्म पिउने पानीको प्रवन्ध मिलाइदिनु पर्नेछ।

३०. **महामारीको बेलामा पशुपन्छीको कल्याणः**(१) कोभिड-१९ लगायतका महामारीको बेलामा स्वामित्व बिहिन र बेसाहारा अवस्थामा रहेका पशुपन्छीलाई आहारा खुवाउने सम्बन्धमा गाउँपालिका कार्यपालिकाको कार्यालयले प्रवन्ध मिलाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिस्थिति उत्पनन भई निषेधाज्ञा जारी भएको अवस्थामा पशुपन्छीको उपचार गर्ने र खाना खुवाउने कार्यलाई अत्यावश्यक सेवा भित्र राखि त्यस्तो सेवा प्रवाह गर्ने प्रयोजनका लागि सो क्षेत्रमा कार्यरत व्यक्ति र संघसंस्थालाई सशर्त आवातजावत गर्न दिनु पर्नेछ।

३१. **पशु आश्रय स्थलः**(१) गाउँपालिका कार्यपालिकाको कार्यालयले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका निवृत भएका, घाइते,बिरामी र बेवारिसे अवस्थाका गाई लगायत अन्य पशुपक्षीको व्यवस्थापन र संरक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका पशुपन्छीको व्यवस्थापन र संरक्षणका लागि गाउँपालिका कार्यपालिकाको कार्यालयले आफ्नो भौगोलिक क्षेत्रभित्र कम्तिमा एउटा पशु आश्रय स्थल निर्माण र सञ्चालन गर्न बझाङ जिल्ला भित्रका कुनै एक वा एकभन्दा बढी स्थानीय तहसँग मिलेर साझेदारीमा कम्तिमा कुनै एउटा पशु आश्रय स्थल निर्माण र सञ्चालन गर्न सक्नेछ।

३२. **जग्गा स्वीकार गर्न सकिनेः**(१) कुनै व्यक्ति वा संस्थाले निवृत भएका, घाइते,बिरामी र बेवारिसे पशुपक्षीको व्यवस्थापन,गौचरण निर्माण गर्न र आश्रयस्थल निर्माण गर्न आफ्नो हक, भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले गाउँपालिकालाई हक हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा प्राप्त हुन आएको जग्गा गाउँपालिकाले निवृत भएका, घाइते,बिरामी र बेवारिसे पशुपक्षीको व्यवस्थापन,गौचरण निर्माण गर्न र आश्रयस्थल निर्माण गर्न बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न, भाडामा लगाउन वा अन्य कुनै व्यवसायिक गतिविधी सञ्चालन गर्ने प्रयोजनका लागि उपयोग गर्न पाउने छैन।

३३. **गौचरणको संरक्षणः**(१) गौचरणको संरक्षण गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

(२)मन्दिरको नाममा रहेको गौचरण वा परापूर्वकाल देखि गाई लगायतका पशुपन्छीको लागि चरन क्षेत्र भनी छुट्टाइएको गौचरण, गौचरण र पशुकल्याण सम्बन्धी काम बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।

३४. **मरेका पशुपन्छीको शव व्यवस्थापनः** (१) पशुपन्छी धनीले आफूले पालेको पशुपन्छी मरेमा त्यस्तो पशुपन्छीको शव सुरक्षित ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

(२) सडक वा अन्य कुनै सार्वजनिक स्थानमा कुनै वेवारिसे पशुपन्छी मरेको फेला परेमा त्यस्तो पशुपन्छीको शव सुरक्षित ढङ्गले व्यवस्थापन सम्बन्धमा वडा स्तरिय पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिले आवश्यक प्रवन्ध गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराधजन्य घटनाको पीडित भई कुनै पशुपन्छी मरेमा वा कुनै रोग वा संक्रामक रोग लागि पशुपन्छी मरेमा त्यस्तो पशुपन्छीको सम्बन्धित निकायले पोष्टमार्टम गर्न र मुचुल्का खडा गरेर मात्र शव सुरक्षित ढङ्गले व्यवस्थापन गर्न वा गर्न लगाउन सक्नेछ।

(४) पशुपन्छीको शव पानीको मुहानबाट कम्तिमा पाँचसय मिटर टाढा, पंक्षीको हकमा कम्तिमा दुई फिट गहिरो हुने गरी र पशुको हकमा कम्तिमा तीन फिट गहिरो हुने गरी खाल्डो खनी वा तोकिए बमोजिम सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्नेछ।

(५) सडक वा अन्य कुनै सार्वजनिक स्थानमा कुनै वेवारिसे पशुपन्छी मरेको फेला परेमा वडा स्तरिय पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिको अनुमति लिई त्यस्तो पशुपन्छीको शव सुरक्षित ढङ्गले व्यवस्थापन गर्ने व्यक्ति वा संस्थालाई प्रति पंक्षी र पाँच किलो तौल भन्दा कम तौलका पशुको हकमा प्रति पशु एक सय रुपैयाँ सम्म, पाँच किलो देखि बीस किलो सम्म तौलका पशुको हकमा प्रति पशु दुई सय रुपैयाँ सम्म, बीस किलो भन्दा बढी देखि सय किलो सम्म तौलका पशुको हकमा प्रति पशु पाँच सय रुपैयाँ सम्म, सय किलो भन्दा बढी तौलका पशुपन्छीको हकमा एक हजार रुपैयाँसम्म वडा कार्यालयले पारिश्रमिक उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद- १२
## संरक्षित पशुपन्छी

३५. **संरक्षित पशुपंक्षीः**(१) लोपोन्मुख अवस्थामा रहेका जात वा प्रजातीका घरपालुवा पशुपन्छीलाई गाउँपालिकाले संरक्षित पशुपन्छी भनी घोषणा गर्न सक्नेछ।

(२) संरक्षित पशुपन्छी अत्यन्त लोपोन्मुख अवस्थामा पुगेको खण्डमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो संरक्षित पशुपन्छीको बध गर्न निषेध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम संरक्षित पशुपन्छीको वध गर्न गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी निषेध गरेको छ भने त्यस्तो पशुपन्छीको तोकिए बमोजिमको हेरचाह खर्च गाउँपालिकाले सम्बन्धीत पशुपन्छी धनीलाई उपलब्ध गराउनु पर्नेछ।

(५) संरक्षित पशुपन्छीको आनुवंशिक श्रोतको संरक्षणका लागि गाउँपालिकाले सूचना प्रकाशन गरी त्यस्तो पशुपन्छीको क्रस प्रजनन गर्न निषेध गर्न सक्नेछ।

(६) संरक्षित पशुपन्छीको आनुवंशिक श्रोतको संरक्षणका लागि गाउँपालिकाले आनुवंशिक वैकको स्थापना गरी आनुवंशिक श्रोत भण्डारण गर्न वा सञ्चालनमा रहेको कुनै स्वदेशी आनुवंशिक बैंकमा आनुवंशिक श्रोत संरक्षणका लागि भण्डारण गर्न सक्नेछ।

(७) संरक्षित पशुपन्छीको संरक्षणका गाउँपालिकाले संरक्षण सम्बन्धी विशेष कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद- १२
## करुणावध सम्बन्धी व्यवस्था

३६. **करुणावध सम्बन्धी व्यवस्थाः** (१)प्रचलित कानूनले वर्ध गर्न प्रतिवन्ध लगाएका बाहेक अन्य पशुपन्छीलाई देहायका मध्ये कुनै अवस्थामा पशु चिकित्सकले इन्जेक्सनको माध्यमबाट औषधी दिई करुणावध गर्न सक्नेछ ।

(क) कुनै पशुपन्छीलाई रेविज रोग लागेको पुष्टि भएको छ भने उक्त पशुपन्छीको करुणावध गर्न सकिन्छ,

(ख) कुनै पशुपन्छी दुर्घटना वा अन्य कुनै घटनामा परी अङ्गभङ्ग र गम्भिर घाइते भएको छ र उक्त पशुपन्छीको उपचार गरी बचाउन सकिने अवस्था छैन र उपचार गर्दा समेत २४ घण्टा भन्दा बढी बाँच्न सक्ने अवस्था छैन भने पशुपन्छीलाई असह्य दुःख पीडाबाट मुक्ति दिन पशुधनीको अनुमति वा सामुदायिक वा स्वामित्वविहिनपशुपन्छीको हकमा नजिकको वडास्तरिय पशुपन्छी व्यवस्थापन तथा कल्याण सम्बन्धी समितिको अनुमति लिई उक्त पशुपन्छीको करुणावध गर्न सकिनेछ,

(ग) कुनै पशुपन्छीलाई निको नहुने प्रकृतिको गम्भिर रोग लागेको छ,उपचार गर्दा समेत त्यस्तो रोग निको नहुने प्रकृतिको छ र यथाअवस्थामा छोड्दा पशुपन्छीले एक महिना भन्दा लामो अवधि बाँच्न सक्दैन र अत्यधिक दुःख पीडा पाउछ भन्ने कुरा पशु चिकित्सकबाट पुष्टि भएको छ भने उक्त पशुपन्छीको करुणावध गर्न सकिनेछ,

(घ) कुनै पशुपन्छीले मान्छेलाई वा अन्य पशुपक्षीलाई पटक पटक टोक्ने, झम्टने गर्ने गरेको छ र पशुपन्छीले भविष्यमा मान्छेलाई अङ्गभङ्ग गर्ने वा ज्यान लिने गरी आक्रमण गर्न सक्ने संभावना छ भने पशु चिकित्सकको सिफारिस र सम्बन्धित पशुपन्छी धनीको सहमतिमा सम्बन्धित पशुपन्छीलाई खतरापूर्ण पशुपन्छी भनी गाउँपालिका स्तरिय पशुपन्छी व्यवस्थापन र कल्याण समितिबाट घोषणा गराई त्यस्तो पशुपन्छीको करुणावध गर्न सकिन्छ ।

(२) उपदफा (१) बमोजिम कुनै पशुपन्छीको करुणावध गरिएको छ भने सो को जानकारी सम्बन्धित पशु चिकित्सकले चौबिस घण्टा भित्र गाउँपालिका स्तरीय पशुपन्छी व्यवस्थापन तथा कल्याण सम्बन्धी समिति समक्ष दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै करुणावध गरिएको पशुपन्छीको शव पानीको मुहानबाट कम्तिमा पाँचसय मिटर टाढा, अन्य पशुपन्छीले सिनो खान नसक्ने गरी, कम्तिमा पाँच मिटर गहिरो खाल्डो खनी वा तोकिए बमोजिम सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद- १४

## निरीक्षण,अनुसन्धान तथा मुद्दा दायरी

३७. **निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका भित्र यस ऐन बमोजिमको कार्य भए वा नभएको वा ऐन विपरितको कार्य भए गरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि गाउँपालिकाले पशुपन्छी शाखामा कार्यरत पशु

चिकित्सक वा पशु चिकित्सक नभएको अवस्थामा पशुपन्छी क्षेत्रको प्राविधिक कर्मचारी वा निज पनि उपलब्ध नभए कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धित कुनै एक प्राविधिक कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त निरीक्षकले आफूले गरेको कामको विवरण मासिक रुपमा स्थानीय तहको अध्यक्ष प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

३८. **निरीक्षण तथा अनुसन्धान गर्न सक्नेः** (१) कसैले यस ऐन विपरीत पशुपन्छी विरुद्ध क्रुर अमानवीय व्यवहार गरेमा वा ढुवानी सम्बन्धी शर्तको अवज्ञा गरेमा वा श्रम सम्बन्धी शर्तको अवज्ञा गरेमा वा ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा वा आफ्नै सक्रियतामा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै स्थलको निरीक्षण तथा अनुसन्धान गर्न सक्नेछ।

३९. **मुद्दा दायर गर्न सक्नेः**(१) यस ऐनको दफा ३८ बमोजिम गरिएको अनुसन्धानबाट कुनै व्यक्ति वा पशुपन्छी धनीका विरुद्ध अक्षरुपी पाच हजार भन्दा बढी जरिवानाको सजाय गर्नु पर्ने देखिएमा वा मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले जिल्लाको सरकारी वकीलको राय वा सुझाव लिन सक्नेछ।

४०. **मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको दफा ४३ को उपदफा (१) र (२) बमोजिमका कसूरमा निरिक्षकले सोझै र दफा ४३ को उपदफा (३), (४) र (५) बमोजिमका कसूर सम्बन्धी मुद्दामा गाउँपालिकाको न्यायिक समितिले सुरु कारवाही र किनारा गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी मुद्दाको विषय फौजदारी प्रकृतिको देखिएमा र मुलुकी अपराध संहिता २०७४ को दफा २२७, २८९,२९०, २९१ सँग सम्बन्धीत देखिई सो सम्बन्धमा जिल्ला अदालतबाट फौजदारी कसुर अन्तर्गत मुद्दाको कारवाही र किनारा हुने भएमा यस ऐन अन्तर्गत मुद्दा हेरिने वा कारवाही गरिने छैन।

४१. **हदम्यादः** यस ऐन विपरितको कार्य भएको मितिले तीन महिना नाघे पछि उजुर लाग्ने छैन।

४२. **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन,२०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

## परिच्छेद- १५
## सजाय तथा पुनरावेदन

४३. **सजायः** (१) दफा ७, ८, दफा ९ को उपदफा (१) को खण्ड (छ) , (झ) , १३, १४, १५ र २० को पालना नगर्ने पशुपन्छी धनीलाई निरिक्षकले पहिलो पटकको हकमा अक्षरुपी एक हजार र पटकै पिच्छे थप दुई हजार जरिवाना गर्नुपर्नेछ।

(२) दफा ९ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (च), दफा ११, १६, २१, २२, २४ र २५ को विपरित कार्य गर्ने पशुपन्छी धनी वा व्यक्तिलाई पशुपन्छी निरिक्षकले अक्षरुपी एक हजार देखि पाँच हजार सम्म जरिवाना गर्नुपर्नेछ।

(३) दफा ९ को उपदफा (१) को खण्ड (घ), (ङ), (ज), दफा १२ र दफा २८ को उपदफा (३), र (५) को विपरित कार्य गर्ने पशुपन्छी धनी वा व्यक्तिलाई अक्षरुपी पाँच हजार एक रुपैयाँ देखि दश हजार सम्म जरिवाना हुनेछ ।

(४) दफा ३ को उपदफा (१) र दफा १७ विपरित कार्य गर्ने पशुपन्छी धनी वा व्यक्तिलाई अक्षरुपी दश हजार एक रुपैयाँ देखि एक पच्चिस हजार सम्म जरिवाना हुनेछ।

(५) निरीक्षकले र न्यायिक समितिको आदेश बमोजिम असुल उपर भएको जरिवाना गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

४४. **पुनरावेदनः** (१) दफा ४३ को उपदफा (१) र (२) बमोजिमका कसूरमा निरिक्षकले गरेको जरिवानाको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेका पुनरावेदन र दफा ४३ को उपदफा (३) र (४) बमोजिमका कसूरमा सम्बन्धमा दफा ४४ को उपदफा (१) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद- १६

## पशुपन्छी कल्याण तथा व्यवस्थापन समिति

४५. **गाउँपालिकास्तरिय पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिः**

(१) गाउँपालिका भित्र पशुपन्छीको व्यवस्थापन तथा कल्याण अभिवृद्धि गर्न देहाय बमोजिमको गाउँपालिकास्तरिय पशुपन्छी व्यवस्थापन तथा कल्याण समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्षले तोकेको कुनै एकजना कार्यपालिका सदस्य - अध्यक्ष

(ख) पशुपन्छीपालक किसान मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) पशुपन्छीको उपचार र कल्याणको क्षेत्रमा कार्यरत व्यक्तिहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनयन गरेको कम्तीमा एक जना पशु चिकित्सक वा पशु चिकित्सक उपलब्ध नभए पशु प्राविधिक सहित दुई जना - सदस्य

(घ) गाउँपालिकाको पशुपन्छीक्षेत्र हेर्ने शाखाको अध्यक्ष - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ग) वमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(३) कुनै विषयविज्ञ वा पदाधिकारीको आवश्यकता परेमा समितिले आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४६. **समितिको काम,कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(क) गाउँपालिकास्तरमा पशुपन्छीका लागि स्वास्थ्य शिविर कार्यक्रमहरु आयोजना गर्ने,

(ख) पशुपन्छीमा देखिने संक्रामक रोगले महामारीको रुप लिएमा सोको नियन्त्रण र उपचारका लागि आकस्मिक रुपमा विशेष नीति तथा कार्यक्रम अवलम्वन गर्ने सम्बन्धमा गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ग)कुनै प्रजाती वा जातको पशुपन्छीलाई संरक्षित भनी घोषणा गर्न आवश्यक भएमा सो सम्बन्धमा गाउँपालिकाको कार्यपालिका समक्ष सिफारिस गर्ने,

(घ)पशुपन्छी व्यवस्थापन तथा पशु कल्याण अभिवृद्धी गर्न गाउँपालिका समक्ष नीति तथा कानून सिफारिस गर्ने,

(ङ) पशु कल्याण अभिवृद्धी गर्न गाउँपालिका समक्ष कार्यक्रम सिफारिस गर्ने,

(च) वडास्थित पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिलाई पशुपन्छी व्यवस्थापन तथा कल्याण सम्बन्धी काम गर्न आवश्यक बजेटको व्यवस्था गर्न समन्वय गर्ने,

(छ) वडास्थित पशु व्यवस्थापन तथा कल्याण समितिलाई पशुपन्छीको दर्ता गर्न र अन्य काम कारवाही गर्न निर्देशन दिने।

(ज) गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा रेविज रोगबाट बच्ने उपाय, कुकुरको टोकाईबाट बच्ने र त्यसको उपचार गर्ने उपायहरुको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(झ) वडा समितिबाट प्रत्येक ६ महिनामा प्राप्त वडा भित्र डुलिरहेका सामुदायिक गाई बाच्छा, कुकुर, बिरालो, बाँदर र अन्य पशुपन्छीहरुको तथ्याङ्क विश्लेषण गरी त्यस्ता पशुपन्छीको व्यवस्थापन तथा कल्याणका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने ।

(ञ) घाईते, बिरामी र बेवारिसे पशुपन्छीको उद्धार र पुर्नवासका लागि आवश्यक पहल कदमी गर्ने ।

(ट) पशुपन्छीको वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा संघ सस्था सँग मिलेर कार्य सञ्चालन गर्ने,

(ठ)सामुदायिक वा स्वामित्व विहिन पशुपन्छीको लागि आश्रयस्थल स्थापना तथा सञ्चालन गर्ने वा सो सम्बन्धमा सम्बन्धीत क्षेत्रमा कार्यरत संघ सस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(ड)पशुपन्छीको सन्दर्भमा जनगुनासाहरु प्राप्त गर्ने र सो को समाधान गर्ने । सो सम्बन्धमा अनुसन्धान गर्ने वा निरीक्षकलाई अनुसन्धान गर्न लगाउने ।

(ढ)घरपालुवा पशुपन्छी हराएको वा फेला परेको सम्बन्धमा परेका सुचना तथा उजुरी संकलन तथा सम्प्रेषण गर्ने ।

(ण) विज्ञको राय सुझाव लिई प्रजाती अनुसार घरपालुवा पशुपन्छीलाई सरुवा रोग विरुद्ध दिनु पर्ने अनिवार्य खोपको बारेमा विवरण तयार गरी गाउँपालिका समक्ष पेश गर्ने।

(त)कुनै पशुपन्छीले मान्छेलाई वा अन्य पशुपक्षीलाई पटक पटक टोक्ने, झम्टने गरेको छ र पशुपन्छीले भविष्यमा मान्छेलाई अङ्गभङ्ग गर्ने वा ज्यान लिने गरी आक्रमण गर्न सक्ने संभावना छ भने पशुपन्छी शाखामा कार्यरत पशु चिकित्सक वा पशु चिकित्सक नभएको अवस्थामा पशुपन्छी क्षेत्रको प्राविधिक कर्मचारीको सिफारिस र सम्बन्धित पशुपन्छी धनीको सहमतिमा सम्बन्धित पशुपन्छीलाई खतरापूर्ण पशुपन्छी भनी घोषणा गर्ने ।

४७. **वडास्तरीय पशुपन्छी व्यवस्थापन तथा कल्याण समितिः** (१) स्थानीय तहले प्रत्येक वडामा पशुपन्छीको कल्याण अभिवृद्धि तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक वडा समिति समिति रहनेछः-

(क) वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य - अध्यक्ष

(ख) पशुपन्छीपालक किसानहरु वा पशुपन्छीको उपचार र कल्याणको क्षेत्रमा कार्यरत व्यक्तिहरु मध्येबाट वडाध्यले मनोनयन गरेको कम्तीमा एक महिला सहित दुई जना - सदस्य

(ग)वडास्तरमा कार्यरत पशु प्राविधिक कर्मचारी वा निज उपलब्ध नभए अन्य कुनै कम्तिमा चौथो तहको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) वमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(३) कुनै विषयविज्ञ वा पदाधिकारीको आवश्यकता परेमा समितिले आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४८. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(क) वडा भित्रका सम्पूर्ण घरपालुवा पशुपन्छीको दर्ता गर्ने र उनीहरुको व्यवस्थित तथ्याङ्क राखिएको सुनिश्चित गर्ने।

(ख) वडा भित्र वृहत रुपमा कुकुरका लागि रेविज विरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमको आयोजना गर्ने। अन्य घरपालुवा पशुपन्छीलाई आवधिक रुपमा अनिवार्य दिनुपर्ने सरुवा रोग विरुद्धका खोपहरु दिइएको सुनिश्चित गर्ने।

(ग) पशुपन्छीका लागि स्वास्थ्य शिविर तथा पशु कल्याण सम्बन्धी कार्यक्रमहरु समुदायमा आयोजना गर्ने।

(घ) कुनै व्यक्तिले पालेको कुकुरले कसैलाई टोकेमा, झम्टेमा वा घाईते बनाएकोमा पीडित भएको व्यक्तिको उपचार खर्च तथा रेबिज र टिटानस विरुद्धको खोप लगाउदा लागेको खर्च पशुपन्छी धनीलाई व्यहोर्न लगाउने। पशुपन्छी धनीको हेलचेक्राइँ वा लापरवाहीकै कारण कुकुरले कुनै व्यक्तिलाई टोकेको पुष्टी भएमा पशुपन्छी धनीलाई अधिकतममा दश हजार रुपैयाँसम्म क्षतिपूर्ति निर्धारण गरी असुलउपर गर्ने र पीडितलाई उपलब्ध गराउने।

(ङ) पशुपन्छीको व्यवस्थापन तथा कल्याणको क्षेत्रमा काम गर्न इच्छुक व्यक्तिहरु पहिचान गरी पशु व्यवस्थापन सहायक तोक्ने र उनीहरुलाई परिचय पत्र प्रदान गर्ने।

(च) समुदाय तथा विद्यालयहरुमा रेविज रोगबाट बच्ने उपाय, कुकुरको टोकाईबाट बच्ने र त्यसको उपचार गर्ने उपायहरुको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(छ) हरेक ६ महिनामा वडा भित्र डुलिरहेका सामुदायिक गाई बाच्छा, कुकुर बिरालो र अन्य पशुपन्छीहरुको तथ्याङ्क संकलन गर्ने र त्यसलाई गाउँपालिका स्तरीय पशु व्यवस्थापन समिति समक्ष पेश गर्ने।

(ज) पशुपन्छीको वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा संघ सस्था सँग मिलेर कार्य सञ्चालन गर्ने।

(झ) घाईते, बिरामी र बेवारिसे पशुपन्छीको उद्धार र पुर्नवासका लागि आवश्यक पहल कदमी गर्ने।

(ञ) सामुदायिक वा स्वामित्व विहिन पशुपन्छीको लागि आश्रय घर स्थापना तथा सञ्चालन गर्ने वा त्यसका लागि गाउँपालिकास्तरीय पशुपन्छी व्यवस्थापन तथा कल्याण समिति र संघ संस्थाहरुसँग समन्वय गर्ने।

(ट) पशुपन्छीको सन्दर्भमा जनगुनासाहरु प्राप्त गर्ने, अनुसन्धान गर्ने र त्यसका सम्बन्धमा निर्णय गर्ने वा अनुसन्धानको लागि निरीक्षक समक्ष सिफारिस गर्ने।

(ठ) हिंस्रक प्रवृत्ति भएका, रेविज रोग र सरुवा रोग लागेका कुकुर लगायत अन्य पशुपन्छीलाई पहिचान गर्ने।

(ड) घरपालुवा पशुपन्छी हराएको वा फेला परेको सम्बन्धमा परेका सुचना तथा उजुरी संकलन तथा सम्प्रेषण गर्ने।

## परिच्छेद- १७

## अन्य व्यवस्था

४९. **प्रचलित कानून बमोजिम हुने:**यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

५०. **अनुदान उपलब्ध गराउन रोक:** यस ऐनको पालना नगर्ने किसान र पशुपन्छी धनीलाई राज्यकोषबाट व्ययभार पर्ने गरी अनुदान उपलब्ध गराउन वा अनुदान प्राप्त गर्नका लागि सिफारिस गर्न पाइने छैन।

५१. **सहयोग पुर्याउन पर्ने:**(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्न गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले सहयोग मागेमा निजहरुलाई त्यस्तो सहयोग पुर्याउनु प्रहरी लगायत सरोकारवाला सबैको कर्तव्य हुनेछ।

(२) अधिकार प्राप्त अधिकारी वा जो कसैले घाईते र बिरामी पशुपन्छीको उद्धार गर्न मद्दत मागेमा निजहरुलाई त्यस्तो सहयोग पुर्याउनु प्रहरी लगायत सक्षम सर्वसाधारण सबैको कर्तव्य हुनेछ।

५२. **करार सम्बन्धी व्यवस्था:** गाउँपालिकाले निवृत भएका, घाइते, बिरामी र बेवारिसे पशुपक्षीको व्यवस्थापन र आश्रयस्थल निर्माण गर्न कुनै व्यक्ति वा संस्थासँग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

५३. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिका कार्यपालिकाले आवश्यक नियम, मापदण्ड, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ।

आज्ञाले,
माधव प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत